प.सं.: २८२/०८१/०८२

मितिः २०८१/०९/०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषयः २७औं तथा २८औं साधारण सभा तथा शेयर दाखिल खारेज कार्य बन्द गर्ने बारेको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१ पौष ७ गते साँझ ५:०० बजे बसेको ५३३ औं बैठकबाट २७औं तथा २८औं साधारण सभा मिति २०८१ पौष २९ गते आयोजना गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साधारण सभा प्रयोजनका लागि यही २०८१ पौष १५ गते शेयर दाखिल खारेज बन्द गर्ने र २०८१ पौष १४ गतेसम्म कायम शेयरधनीहरुले साधारण सभामा भाग लिन पाउने निर्णय समेत गरेको हुँदा सो अनुसार व्यवस्था मिलाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं । साथै, यस वर्ष संस्थाले शेयरधनीहरुका निम्ति कुनै पनि लाभांश घोषणा नगरेको व्यहोरा समेत जानकारी गराउँछौं ।

साधारण सभा आयोजना गर्ने सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरिएको छ ।

रुबिस श्रेष्ठ
कम्पनी सचिव

बोधार्थः
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडीएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसड्क, काठमाडौं ।
श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेड (LS Capital), कमलपोखरी, काठमाडौं ।

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**कर्पोरेट कार्यालय :**
तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

# २७औं तथा २८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१/०९/०७ मा बसेको ५३३औं बैठकको निर्णयानुसार संस्थाको २७औं तथा २८औं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा हुने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थित तथा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८१ साल पौष २९ गते, सोमबार (तदनुसार जनवरी १३, २०२५)

**समय :** बिहान १०:३० बजे ।

**स्थान :** ज्यापू प्रज्ञाभवन, भोलगणेश, ललितपुर महानगरपालिका वडा नं. ९, ललितपुर ।

**छलफलका बिषयहरु :**

(क) **सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. ०७९/०८० र ०८०/०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन, वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान विवरण (अन्य विस्तृत आम्दानीको विवरण सहित), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण, यससँग सम्बन्धित अनुसूची लगायत लेखा सम्बन्धी टिप्पणी आदि विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार आ.व. ०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति बमोजिम लेखापरीक्षक श्री रन्जीव एण्ड एशोशिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई दिईएको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. विविध ।

(ख) **विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने भत्ता तथा दैनिक भ्रमण भत्ता बृद्धि गर्ने र सोहि अनुसार नियमावली संसोधनलाई स्वीकृत गर्ने ।
२. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(ग) **विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. यस वित्तीय संस्थाको २७औं र २८औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम मिति २०८१/०९/१५ गते १(एक) दिन बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१४ गतेसम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार लक्ष्मी सनराइज क्यापिटल लिमिटेड (LS Capital), काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयर धनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन् ।
२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभा कक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको कर्पोरेट कार्यालय तिनकुने, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ ।
४. कुनै बैंक, वित्तीय कम्पनी, गुठी, संगठित संस्था, कम्पनी वा नेपाल सरकारले कम्पनीको शेयर खरिद गरेको अवस्थामा त्यस्ताको तर्फबाट खटाइएको वा मनोनित गरेको प्रतिनिधिले मतदान गर्न पाउने छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भएमा प्रोक्सी दिएको भएतापनि स्वतः बदर हुनेछ ।
६. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग राखि आफु समेत सभामा उपस्थित हुने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्दछ । साथै प्रतिनिधि (प्रोक्सी) दर्ता गरी सकेपछि सो लाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहनेले सोको जानकारी ४८ घण्टा अगावै दिई सक्नुपर्नेछ ।
७. नावालक वा विभिन्न शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ ।
८. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठीत संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ ।
१०. साधारण सभाको काम कारवाही कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुनेछ ।
११. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
१२. छलफलको विषयमध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१३. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासाहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
१४. शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइट www.pfltd.com.np मार्फत उपलब्ध गराइनेछ ।
१५. साधारणसभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको कर्पोरेट कार्यालय, तिनकुने, काठमाण्डौमा सम्पर्क राख्न सकिने छ ।
१६. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले साधारण सभासँग सम्बन्धित कागजातहरु बाहेक यथासक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ ।